# वार्षिक प्रगति विवरण

# खानीखोला गाउँपालिका

## साल्मेचाकल, काभ्रेपलाञ्चोक
## बागमती, प्रदेश नेपाल ।

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"**

# परिचय

मिति २०७५/०६/२८ मा स्थापित यस राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पहिलो कानुनी अधिकार स्थापना गर्ने “व्यक्तिगत घटनादर्ता” कार्य साथै नेपाल सरकारका अत्यन्त लोकप्रिय दुई ठूला कार्यक्रमहरु; सामाजिक सुरक्षाअन्तर्गत “नगद प्रवाह” र व्यक्तिहरुको डिजिटल पहिचान स्थापना गर्ने बहुउपयोगी “ राष्ट्रिय परिचयपत्र” वितरण कार्यको जिम्मेवारी सम्हाल्दै आएको छ । देशका नागरिकहरुको पहिचान र हितमा सञ्चालित यी तिनै का र्यक्रमहरु कुनै न कुनै रुपमा अन्तर सम्बन्धित छन् र हाल प्रविधि मा पनि आधारित छन् । यसकारण विभिन्न समयमा लागू भई आ –आफ्नै किसिमले सञ्चालन भई आएका तिन कार्यक्रमहरु विभिन्न समयमा कार्यालयहरु एकीकरण हुने कार्य भई हाल बृहत क्षेत्र ओगटे को प्रविधिमा आधारित विभागको रुप मा सञ्चालित छ ।

**“प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान”**

# व्यक्तिगत घटनादर्ता

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटनादर्ता भनिन्छ । सबैजसो देशहरुले घटनादर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रुपमा निरन्तरता दिइरहेका हुन्छन् । यद्यपी कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यक्ताअनुसार फरक पर्ने सन्दर्भमा हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ । यसअन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरु गर्दछन् ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो । शुरुमा गृहपञ्चायत मन्त्रालयअन्तर्गत रही जिल्ला प्रशासन कार्यलयमार्फत यस कार्य गरिंदै आएकोमा २०५० श्रावणबाट स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाबाट सञ्चालन हुन थालेको हो । मिति २०७५ आश्विनमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् पुनःगृह मन्त्रालयअन्तर्गत रहेको छ ।

# व्यक्तिगत घटनादर्ता

विश्वव्यापीकरण तिव्र रुपमा भैरहेको आजको युगमा व्यक्तिगत घटनाले सम्बन्धित देशमा मात्र नभई अन्तराष्ट्रिय रुपमा समेत प्रभाव पारेको छ । त्यसैले घटना दर्ताले अन्तराष्ट्रियस्तरमा महत्व पाएको विषय पनि हो । (United Nations Economic and Social Commission for Asia and the Pacific) UNESCAP सँग नेपालले गरेको प्रतिबद्धताअनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली नागरिकहरुको जन्मदर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने र अन्य व्यक्तिगत घटनादर्तामा समेत उल्लेख्य बृद्धि गर्नुपर्ने भएकोले सोहि लक्ष्य हासिल गर्ने तर्फ विभाग क्रियाशील छ । घटनादर्ता कार्यक्रम विभागको सक्रियतामा स्थानीय तहहरुमार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तारित छ जसले चालिस प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको छ । हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को साथसाथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ कार्यान्वयनमा छ ।

# खानीखोला गाउँपालिकाको व्यक्तिगत घटनादर्ता प्रतिवेदन

**दर्ता मिति देखि : २०७९-०१-०१ दर्ता मिति सम्म : २०८०-१२-३०**

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ७० | ८६ | | १५६ | ९ | १० | | १९ | | ४४ | १ | २ | ६ | १४ | | २२६ |
| २ | ३३ | ३१ | | ६४ | ८ | ७ | | १५ | १ | १६ | २ | ७ | ५ | १७ | | १०३ |
| ३ | ३९ | ४८ | | ८७ | १२ | ७ | | १९ | २ | २३ | १ | ७ | | | | १३२ |
| ४ | ६० | ४९ | | १०९ | ९ | १० | | १९ | १ | ३२ | | | ९ | ३२ | | १७० |
| ५ | ६३ | ५० | | ११३ | १२ | ११ | | २३ | २ | ३१ | ४ | १७ | १४ | ५६ | | १८७ |
| ६ | ९० | ८८ | | १७८ | १७ | १४ | | ३१ | ४ | ५२ | १ | ४ | १८ | ९४ | | २८४ |
| ७ | ६९ | ८५ | | १५४ | १२ | १० | | २२ | ९ | ५३ | २ | ८ | ८ | ३६ | | २४८ |
| **जम्मा** | ४२४ | ४३७ | ० | ८६१ | ७९ | ६९ | ० | १४८ | १९ | २५१ | ११ | ४५ | ६० | २४९ | ० | १३५० |

"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"

# सामाजिक सुरक्षा

मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता "सामाजिक सहयोग" अन्तर्गत "नगद प्रवाह" कार्यक्रम हो । लाभग्राहीले यस्तो भत्ता रकम बुझेकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रुपमा रहेको छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरुलाई धनी–गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लागु गरिएकोले यो बढी सर्वव्यापी (Universal) प्रकृतिको छ । तर बालपोषण भत्ता भने आंशिक रुपमा गरिब लक्षित(Poverty targeting) गर्न खोजिएको छ । हाल नेपाल सरकारले देशभर मुख्य सातवटा लक्षित समुहहरुलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ । बृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका जस्ता उच्च जोखिममा रहनसक्ने समुह प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम भएकोले यो नेपाल सरकारको अत्यन्त लोकप्रिय कार्यक्रम पनि हो । वर्तमानसन्दर्भमा गृह मन्त्रालय अन्त्तगत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको कार्य जिम्मेवारी सम्हाल्दै आएको छ ।

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"**

# सामाजिक सुरक्षा

नगद प्रवाह कार्यक्रम २०५१ साउनदेखि गृह मन्त्रालयले बृद्‌धभत्ताका रुपमा ७० वर्षमाथिका नागरिकहरुलाई रु. १०० को दरले नमुनाको रुपमा २० जिल्लाबाट शुरु भई देशभर वितरण गर्न थालिएको हो । आ.व. २०५२।०५३ बाट भने यस कार्यक्रमलाई सामाजिक सुरक्षा भनी सम्बोधन गरी स्थानीय विकास मन्त्रालयअन्तर्गत राखी जेष्ठ नागरिक लगायत विधवा र अपाङ्गता भएका नागरिकहरुलाई समेत नियमित रुपमा प्रदान गर्दै आएकोमा हाल यसको दायरा अझ विस्तार भएको छ । साथै समय र लक्षित वर्गअनुसार भत्ताका दरहरु पनि सोहिबमोजिम परिमार्जन गरिंदै लगिएको छ । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ्ग प्रणालीमार्फत वितरण गर्नेकार्य अघि बढिरहेको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानुनबमोजिम नाम दर्ता, लगतकट्टा र नविकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंकमार्फत वितरण गर्नुपर्दछ । अहिले २८ लाखभन्दा बढी लाभग्राहीहरु अनलाइनमा आबद्‌ध भैसकेका छन्‌ ।

# सामाजिक सुरक्षा प्रकार

- अन्य जेष्ठ नागरिक भत्ता
- जेष्ठ नागरिक भत्ता (दलित)
- जेष्ठ नागरिक एकल महिला
- विधवा (आर्थिक सहायता)
- पूर्ण अपाङ्गता (क बर्ग)
- अपूर्ण अपाङ्गता (ख बर्ग)
- दलित बालबालिका

"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"

# सामाजिक सुरक्षा भत्ताको विवरण

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम (रु.) |
|---|---|---|---|
| १. | जेष्ठ नागरिक | ६८ वर्ष उमेर पुगेको | ४००० |
| २. | अन्य जेष्ठ नागरिक | ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक | २६६० |
| ३. | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी, बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २६६० |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका | २६६० |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु | ३९९० |
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट ख वर्ग अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु | २१२८ |
| ७. | लोपोन्मुख आदिवासी/जनजाति | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | ३९९० |
| ८. | बालबालिका | अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२ |

# सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ७०२ | ८३८१०६७ | ७०२ | ८३८१०६७ | ७०५ | ८४३२००० | ७०४ | ८४२०००० | ७१३ | ८४७६०५६ | ७०७ | ८४१४०५५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२ | ९५७६० | १२ | ९५७६० | १२ | ९५७६० | १२ | ९५७६० | १२ | ९५७६० | १२ | ९५७६० |
| जेष्ठ नागरिक एकल महिला | ७९ | ६२७७६० | ७९ | ६२७७६० | ८० | ६३८४०० | ७९ | ६३०४२० | ८० | ६३८४०० | ७९ | ६३०४२० |
| विधवा | १३५ | १०६१९६१ | १३५ | १०६१९६१ | १३५ | १०७१९८० | १३५ | १०७१९८० | १३७ | १०८५५४६ | १३४ | १०६१६०६ |
| पूर्ण अपाङ्गता भत्ता | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३९ | ४६६८३० |
| अति अशक्त अपाङ्गता भत्ता | १२० | ७६६०८० | १२० | ७६६०८० | १२० | ७६६०८० | १२० | ७६६०८० | १२० | ७६६०८० | १२० | ७६६०८० |
| दलित बालबालिका | १७ | २६३५२ | १७ | २६३५२ | १७ | २५२८८ | १७ | २५२८८ | १५ | २२४५४ | १५ | २२४५४ |
| **जम्मा** | **११०४** | **११४२५८१०** | **११०४** | **११४२५८१०** | **११०८** | **११४९६३३८** | **११०६** | **११४७६३५८** | **१११६** | **११५५११२६** | **११०६** | **११४५७२०५** |
| **जम्मा रकम** | **३४३५९३७३** | | | | | | | | | | | |

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"**

# पञ्जीकरण सेवा इकाइको कर्मचारी विवरण



**खगेन्द्र खुलाल**
**MIS Operator**
सहायक पाँचौ



**कुनसाङ लामा**
फिल्ड सहायक
सहायक चौथो



**संगे तितुङ**
फिल्ड सहायक
सहायक चौथो

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"**

# खानीखोला गाउँपालिका

सालमेचाकल, काभ्रेपलान्चोक
बागमती, प्रदेश नेपाल ।

# धन्यवाद !

**प्रतिवेदक**
खगेन्द्र खुलाल
एम आइ एस अपरेटर

"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान"

# प्रतिवेदक
# खगेन्द्र खुलाल
# एम आइ एस अपरेटर